स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:-०८०/८१
चलानी नम्बर:-

मिति:-२०८०/१०/२९

## सूचना! सूचना!! सूचना!!!

**विषयः न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राप्त पत्रानुसार रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७ ) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार व्यक्तिहरूले २०८० फागुन ३० गते भित्रमा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ साथै सम्पूर्ण विवरण भरेर वडा कार्यालयले प्रमाणित गरिएको निवेदनहरूलाई मात्र रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गरिनेछ ।

न्यूनतम रोजगारी संलग्न हुन आवश्यक मापदण्ड:

१. निवेदन दिएको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
२. निवेदन दिएको मितिसम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक (रु.६६,८००/-) बराबरको आयभन्दा कम आय भएको ।
३. १८ देखि ५९ वर्ष उमेर समूहको ।

न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात:

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
(नागरिकतामा स्थायी बसोबास मायादेवी गाउँपालिका नदेखिएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)
२. पासपोर्ट साइजको १ प्रति फोटो ।
३. परिवारका सबै सदस्यहरूको नागरिकताको प्रतिलिपि र नागरिकता नभए जन्म दर्ताको प्रतिलिपि ।
४. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भए सो पुष्टि गर्ने प्रमाणपत्र ।

२०८०/१०/२९

.............

शेषराज पन्थ
प्रमुख प्रशासकीय अधिकृत